नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना -दोस्रो
(Enhanced Vocational Education and Training Project -II)
बुद्धनगर, काठमाडौं

फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

प.सं

च.नं.

मितिः २०७८/०१/२०

श्री तालिम तथा रोजगार सेवा प्रदायक संस्थाहरु

विषयः सम्झौता सम्वन्धमा ।

यस परियोजनाबाट आ.व. २०७७/०७८ मा नतिजामा आधारित छोटो अवधिको तालिम (तह-१), (तह-२) र महिला विशेष तथा भौचरमा आधारित छोटो अवधिको तालिम तह-१ सञ्चालन गर्नका लागि अन्तिम छनौटमा परेका तालिम तथा रोजगार सेवा प्रदायक सँस्थाहरुलाई तालिम सञ्चालनका लागि मिति २०७८/०१/२० गते कार्यालय समयभित्र परियोजना सचिवालयमा सम्झौता गर्न आउन भनि मिति २०७८/०१/०६ गते परियोजनाका तर्फबाट १५ दिने सूचना जारी गरिएकामा हाल Covid-19 को दोस्रो लहरको महामारी नेपालमा पनि तिव्ररुपमा फैलिएको र काठमाडौं उपत्यकाका ३ वटै जिल्ला प्रशासन कार्यालयद्वारा मिति २०७८/०१/१६ देखि काठमाडौं उपत्यकामा र मुलुकका अन्य कतिपय जिल्लाहरुमा समेत विभिन्न मितिमा निषेधाज्ञा जारी भई सवारी साधन सञ्चालन नभएका र हिंडडूल गर्न समेत कठिन भएकोले जिल्ला जिल्लाबाट सँस्थाका प्रतिनिधिहरु काठमाडौं आई सम्झौता गर्न कठिन भएको विषम परिस्थितिलाई मध्यनजर गरी वर्तमानमा जारी भएको निषेधाज्ञा (भविष्यमा निषेधाज्ञा थप भएको अवस्था एवम् यसैबीच सरकारबाट बन्दाबन्दी घोषणा भएमा सो समेत) अन्त भई कार्यालयहरु खुलेको दिनबाट ५ दिन भित्र कार्यालय समयभित्र परियोजना सचिवालयमा सम्झौता गर्न आउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्देशन अनुसार सम्बन्धित तालिम तथा रोजगार सेवा प्रदायक सँस्थाहरुलाई यो सूचना जारी गरिएको छ ।

चन्द्रकान्त भुसाल
(परियोजना निर्देशक)